यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या १०/२०८१-०८२ मिति २०८२/०१/१४ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिएको छ।

**संवत् २०८२ साल बैशाख १४ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण:**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | आर्थिक प्रशासन शाखा | यस गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालय तथा निकायमा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४ बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने । |
| २. | उद्योग विकास इकाई | चालु आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय सरकारबाट सशर्त अनुदान अन्तरगत लघु, घरेलु तथा साना उद्यमहरुलाई मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० बमोजिम कार्यान्वयन गर्ने । |
| ३. | प्रशासन शाखा | अपिहिमाल गाउँपालिकाको करार सेवाका कर्मचारीहरुको सेवा सुविधा र शर्त सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने । |
| ४. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तरगत लोकसेवा तयारी तथा भाषा कक्षा कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमबाट लोकसेवा तथा भाषा तयारी गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ती उपलब्ध गराउने । |
| ५. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको वडा नं.६ मा निर्माणाधिन छिपुल केदार मन्दिर निर्माणको भेरिएशन आदेश स्वीकृत गर्ने । |
| ६. | पर्यटन सेवा इकाई | USAID को आर्थिक तथा प्राविधिक सहयोगमा ट्रेकिङ एजेन्सी एसोसिएसन नेपाल (TAAN) ले निर्माण गरी पेश हुन आएको यस गाउँपालिकाको पर्यटन विकास तथा प्रवर्द्धन गुरु योजना स्वीकृत गर्ने । |
| ७. | कृषि शाखा | गाउँपालिका स्तरीय कृषि तथा पशुपन्छी तथ्यांक समन्वय समिति गठन गर्ने । |
| ८. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिका नं.४ वडा अन्तरगत रहेको नौपाटा बस्तीमा संचालित नौपाटा सामुदायिक होमस्टेलाई प्रदेशस्तरीय होमस्टे महोत्सवमा सहभागि जनाउन आर्थिक सहयोग उपलब्ध गराउने । |
| ९. | स्वास्थ्य शाखा | यस गाउँपालिकाको वडा नं.६ को मज्जे वस्तीमा वर्थिङ सेन्टर भवन निर्माण कार्य उपभोक्ता समितिबाट गर्ने । |
| १०. | आर्थिक प्रशासन | पेरिस पारातेक्वान्दो ओलम्पिक खेलाडी भरत सिंह महतालाई वडा नं.६ बाट व्यवस्था गरिएको पुरस्कार प्रोत्साहन वापत उपलब्ध गराउने । |
| ११. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको वडा नं.१ स्थित रहेको वयाली ताल संरक्षण र वडा नं.३ स्थित महादेव फागाला देखि काँटै सम्मको पर्यटन पदमार्ग योजनाका लागि गाउँपालिकासँग स्रोत अभाव भएकाले सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयसँग बजेट माग गर्ने । |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता
गाउँ कार्यपालिका